# सुदुरसन्देश राष्ट्रिय दैनिक पत्रिकाको कार्यलयमा भएको आक्रमणको अनुगमन /अद्यावधिक संक्षिप्त विवरण ०६७ असार २१ गते

**घटना विवरण:** धनगढीस्थित सुदुर सन्देश राष्ट्रिय दैनिक पत्रिकाको कार्यालयमा ०६७ असार २१ गते **एकीकृत माओवादीका एरिया नं. १५ का इञ्चार्ज टिकाराम सापकोटा (संघर्ष)** को नेतृत्वमा गएको एक टोलीले सुदूर सन्देश राष्ट्रिय दैनिकको कार्यालयमा आक्रमण गऱ्यो । सुदूर सन्देश राष्ट्रिय दैनिक पत्रिकामा ०६७ असार २० गते **"माओवादीद्वारा १ लाख २० हजार असुल"** शीर्षकमा प्रकाशित समाचार र २१ गते **"माओवादी ज्यादति कायमै"** शीर्षकमा सम्पादकीय प्रकासन भएपछि सोही विषयलाई लिएर एकीकृत माओवादीका एरिया नम्वर १५ का इन्चार्ज टिकाराम सापकोटाको नेतृत्वमा गएको समुहले दैनिकको कार्यालयमाथि आक्रमण गरिएको थियो । पत्रिकामा प्रकासित समाचार र सम्पादकीयमा कैलाली जिल्ला श्रीपुर गाविस-१ बहेडाका मुन्ना दमाईले महंगोमा जग्गा बिक्रि गरेको आरोपमा एकीकृत माओवादीका एरिया इन्चार्ज टिकाराम सापकोटाको नेत्तृत्वमा गएको एक माओवादी टोलीले दमाईबाट १ लाख २० हजार लिएको समाचारमा प्रकाशित गरिएको थियो ।

सोही विषयलाई लिएर एकीकृत माओवादी एरिया न. १५ का इन्चार्ज सापकोटाको नेत्तृत्वमा आएको एक टोलीले पत्रिकाको कार्यलय भित्र प्रवेश गरि **सुदूर सन्देश राष्ट्रिय दैनिक पत्रिकाका सम्वाददाता तथा कम्प्युटर संञ्चालक २५ वर्षीय प्रयागराज जोशीलाई पत्रिका कार्यालय भित्र कुटपिट** गरेका थिए । कुटपिटबाट जोशीको टाँउको र मुखमा चोट लागि घाईत भएका थिए भने **सुदूरसन्देश दैनिक पत्रिका कार्यालयको ढोका तथा कार्यकक्षमा केही क्षति** भएको थियो । घाईते पत्रकार जोशीको सेति अञ्चल अस्पतालमा उपचार भएको छ ।



## घटनाप्रति संघ सस्था तथा राजनीतिक दलहरुको ध्यान आकर्षण:

घटनापश्चात् धनगढीस्थित **लोकतन्त्र र शान्तिका लागि नागरिक समाज कैलालीसँग आबद्ध संस्थाहरु** अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय धनगढी, राष्ट्रिय मानवअधिकार एलायन्स, काहुराष्ट्र नेपाल र लोकतन्त्रका

शान्तिका लाग नागरिक सामज कैलालीले ०६७ असार २१ गते संयुक्त प्रेश विज्ञप्ति जारी गरी घटनाप्रति खेद व्यक्त गरेको थियो ।

यसैगरी, **राष्ट्रिय मानवअधिकार आयोग सुदुरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय धनगढी**ले ०६७ असार २२ गते घटनाका विरुद्धमा प्रेश विज्ञप्ति जारी गऱ्यो । प्रेश विज्ञप्तिमा भनिएको छ, "पत्रिकामा प्रकाशित समाचार तथा सम्पादकीयप्रति कसैको असहमति भए त्यसलाई विधिसम्मत तरिकाबाट खण्डन गर्न सकिने अवस्था हुँदाहुँदै एकाएक पत्रिकाको कार्यालयमा आक्रमण गर्ने कार्यले प्रेश स्वतन्त्रता र नागरिकको सुसूचित हुने हकमा असर पर्ने भएकोले आइन्दा यस प्रकारका घटना हुन नदिन र दोषीलाई कानुन बमोजिम कारवाही गर्न अनुरोध गर्दछौ।"

यसैगरी, घटनाको विरुद्धमा **पत्रकार महासंघ कैलालीले** ०६७ असार २२ गते धनगढीमा विरोध जुलुस प्रर्दशन गर्नुको साथै घटनाका नाइके एकीकृत माओवादी एरिया न.- १५ का इन्चार्ज सापकोटालाई दुई दिनभित्र पक्राउ गरी कारवाही गर्न प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद विडारीलाई ज्ञापनपत्र बुझाएको छ । दुई दिनभित्र घटनाका नाइके सापकोटालाई पक्राउ गरी कारवाही नगरिए आफूहरु कडा आन्दोलन गर्न बाध्य हुने पत्रकार महासंघ कैलालीले जनाएको छ ।

**नेकपा एमाले र नेपाली कांग्रेस कैलालीले** ०६७ असार २२ गते छुट्टाछुट्टै प्रेश विज्ञप्ति जारी गरी प्रेश स्वतन्त्रतामाथि हस्तक्षेप गर्नेहरुलाई कानुनी दायरामा ल्याई कारवाही गर्न माग गरेका छन् ।

**एकीकृत नेकपा (माओवादी) कैलाली जिल्ला कमिटि सचिव हरि चौधरी (उत्सव)** ले ०६७ असार २२ गते एक प्रेश विज्ञप्ति जारी गरी सुदूर सन्देश दैनिकको कार्यालयमा गरिएको आक्रमण पार्टीको नीति र योजना विपरीत भएको बताउँदै तत्काल समस्या समाधान गर्नका लागि सम्बिन्धत पक्षसँग यथार्थ बुझी वातावरण सहज पार्न सञ्चारकर्मीहरुसँग सकारात्मक छलफल गर्न पार्टी प्रतिबद्ध रहेको समेत उल्लेख गरेका छन् ।

### किटानी जाहेरी:

सुदूर सन्देश राष्ट्रिय दैनिकका सम्पादक हेमन्त पौडेलले ०६७ असार २२ गते जिल्ला प्रहरी कार्यालय,कैलालीमा **किटानी जाहिरी दर्ता गराएका छन्** । उक्त किटानी जाहेरीमा एकीकृत माओवादीका टिकाराम सापकोटाको नाम उल्लेख गरिएको छ ।

### घटनाका सम्वन्धमा जिल्ला प्रहरी कार्यालय कैलालीको भनाइ:

सुदाम रावल, प्रहरी निरीक्षक, मुद्दा शाखा

- ✓ सुदूर सन्देश राष्ट्रिय दैनिकका सम्पादक हेमन्त पौडेलले ०६७ असार २२ गते जिल्ला प्रहरी कार्यालयको मुद्दा शाखामा किटानी जाहिरी दिएका छन् ।
- ✓ उक्त किटानी जाहेरीमा एकीकृत माओवादीका एरिया नम्बर १५ का इन्चार्ज टिकाराम सापकोटाको नाम उल्लेख गरिएको । किटानी जाहेरी पश्चात आरोपितहरुका नाममा मुद्दा दार्ता गरिएको छ भने उनीहरुको खोजी कार्य जारी रहेको छ ।

## वर्तमान अवस्थाः

एकीकृत माओवादीका एरिया नम्बर १५ का इन्चार्ज टिकाराम सापकोटाको नेतृत्वमा गएको माओवादी समूहले पत्रिकाको कार्यालयमा आक्रमण गरी पत्रकारमाथि कुटपिट तथा अभद्र व्यवहार भएपश्चात् आक्रमणको सर्वत्र निन्दा गरिएको छ । यस क्षेत्रमा रहेका विभिन्न मानवअधिकारवादी संघसंगठनहरुले प्रेश विज्ञप्ति जारी गरी घटनाको भर्त्सना तथा निन्दा गर्दै प्रेश स्वतन्त्रताको सम्मान गर्न एकीकृत माओवादीलाई आग्रह गरेका छन् । सुदूर सन्देश दैनिकका सम्पादक हेमन्त पौडेले घटनामा संलग्न व्यक्तिहरुका नाममा जिल्ला प्रहरी कार्यालय कैलालीमा किटानी जाहेरी दिएका छन् । नेकपा एमाले र नेपाली कांग्रेस कैलालीले घटनाको निन्दा र भर्त्सना गरेको छ । एकीकृत माओवादी जिल्ला कमिटि कैलालीका सचिव हरि चौधरी (उत्सव) द्वारा जारी प्रेश विज्ञप्तिमा सुदूर सन्देश राष्ट्रिय दैनिक पत्रिकाको कार्यालयमा भएको आक्रमण पार्टीको नीति र योजनाविपरीत भएको जानाइएको छ । यति हुँदाहुँदै पनि **घटनामा संलग्न व्यक्तिहरुलाई पक्राउ गरी कानुनी कारवाहीको प्रक्रिया अगाडि बढ्न सकिरहेको छैन ।**

## अनुसुची १
## घटनासँग सम्बन्धित फोटाहरु






प्रमुख जिल्ला अधिकारी समक्ष ज्ञापन पत्र पढेर सुनाउदै पत्रकार महासंघ कैलालीका अध्यक्ष






घटना स्थलको अवलोकन गर्दै प्रहरीहरु



**अनुसुचि- २** सुदूर सन्देश राष्ट्रिय दैनिक पत्रिकामा छामिएको समाचार तथा सम्पादकीय

सुदूर सन्देश राष्ट्रिय दैनिक
NATIONAL DAILY

## सम्पादकीय ....

### माओवादी ज्यादति कायमै

एकीकृत नेकपा माओवादीका अराजक गतिविधि कायमै रहेका छन् । मुलुकको जिम्मेवार राजनीति शक्ति हुंदा पनि अझै ज्यादतपूण काम भने रोकेको छैन । शान्तिप्रक्रियालाई निष्कर्षमा पुऱ्याउनकालगि माओवदीको जतिको जिम्मेवारी छ जिम्मेवारी अनुसार काम गर्नसकेको छैन । जग्गा महंगोमा बेचेको आरोपमा कैलालीको श्रीपुरका किसानबाट एक लाख विस हजार रकम माओवादीले लिएको छ । माओवादीका एरिया इन्चार्ज टीकाराम सापकोटाको नेतृत्वमा गएको एक टोलीले मुन्ना दमाईबाट त्यतिको ठुलो रकम लिएर माओवादीको आफ्नो असली रुप देखाएको छ । एउटा दलित परिवारबाट त्यतिका रकम लिएर प्रताडित बनाउने काम गर्नु कदापी राम्रो होइन ।गरिव र दुःखीका पक्षमा आफ्नो पार्टी भएको बताउने माओवादी पार्टी अध्यक्ष प्रचण्डका लागि यो चुनौती होकी होइन । कसैले जग्गा महंगोमा बेचास वा सस्तोमा यसमा माआवादीको टाउको दुखाई किन ? समाजमा कुनै तुक नभएका कुरा र काम गरेर माओवादीले आफ्नो लोकप्रियता आफै घटाउदै गएको छ । अन्याय र अत्याचारका विरुद्धमा लड्ने पार्टी बताउने माओवादी एउटा गरिव दलित परिवारबाट जग्गा महंगामो बेचेको बाहानामा त्यति ठुलो रकमा लिन काहां सम्मकोजायज कुरा हो ? एउटा गरिव जनताको उठीबास गराएर मोजमस्ती गर्ने माओवादी बाट आम जनताले कस्तो आशा राख्ने ? जनताको पक्षमा काम गर्छौ भन्ने माओवादी कुरा केवल गोहीका आंशु सावित भएको छ । यस्तै गर्दै जाने हो भने माओवादीको अस्थित्व निकै संकटमा पर्ने देखिन्छ । अहिले पनि आफुले गल्ती गर्दै जाने अनि पत्रपत्रिकामा समाचार छापियो भनेर धम्काउदै जाने पबृति जारी रहने हो भने यसले माओवावदीलाई नै हानी गर्ने छ ।

---

राष्ट्रिय दैनिक
वर्ष १० ● अंक ८१ २०६७ असार २० आईतबार ● SUDOOR SANDESH NATIONAL DAILY ● 4 July 2010

# एमाओवादीद्वारा एकलाख २० हजार असुल

●सुदूर सम्वाददाता
धनगढी, १९ असार

## दिनेश एफएम चौथो वर्षमा
# 'पत्रकार अझै असुरक्षित'



●सुदूर सम्वाददाता
धनगढी, १९ असार

अनुसुची ३

विभिन्न संघसंगठनहरुद्वारा जारी प्रेश विज्ञप्तिहरु

**लोकतन्त्र र शान्तिका लागि नागरिक समाज**

**कैलाली**

**प्रेस विज्ञप्ति**

मिति २०६७ असार २० गते का दिन सुदूर सन्देश दैनिकको असार २० गतेको अंकमा प्रकाशित समाचार र असार २१ गतेको अंकमा प्रकाशित सम्पादकियलाई लिएर एकीकृत नेकपा (माओवादी) का कार्यकर्ताहरुवाट सुदूर सन्देश कार्यालयमा भएको आक्रमण प्रति हाम्रो गम्भिर ध्यान आकर्षण भएको छ। लोकतन्त्रको आधारस्तम्भको रुपमा रहेको प्रेस माथिको आक्रमण अत्यन्तै निन्दनिय कार्य भएकोले सुदूर सन्देश दैनिकको धनगढी स्थित कार्यालयमा भएको आक्रमणको घटना प्रति **लोकतन्त्र र शान्तिका लागि नागरिक समाज कैलाली** संग आवद्ध हामी तपसिलका संस्थाहरु खेद प्रकट गर्दछौ।

| | |
|---|---|
| १. धर्म राज पाठक | अध्यक्ष, लोकतन्त्र र शान्तिका लागि नागरिक समाज कैलाली |
| २. खडक राज जोशी | क्षेत्रीय संयोजक, ईन्सेक सु.प. क्षेत्रीय समिति |
| ३. सूर्य वहादुर भण्डारी | अध्यक्ष, काहुराष्ट नेपाल कैलाली |
| ४. सरोज पोखरेल | अध्यक्ष, राष्ट्रिय मानवअधिकार एलायन्स सु.प. क्षेत्रीय समिति |

**राष्ट्रिय मानव अधिकार आयोग**

**सुदूर-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय,**

**धनगढी, कैलाली**

**प्रेष विज्ञप्ती/ २०६७ असार २२ गते मंगलबार।**

मिति २०६७/०३/२१ गते एकिकृत नेकपा (माओवादी) कार्यकर्ताहरुले सुदूरसन्देश राष्ट्रिय दैनिक पत्रिकाको कार्यालयमा गई उक्त दैनिकको असार २० गते आईतबारको अंकमा प्रकाशित *एमाओवादीद्वारा १ लाख २० हजार असुल* शीर्षकको समाचारलाई लिएर तोडफोड गर्नुका साथै उक्त दैनिकका कम्प्युटर अपरेटर प्रयागराज जोशीलाई कुटपीट गरी घाईते बनाएको भन्ने घटनाप्रति राष्ट्रिय मानवअधिकार आयोगको गंभीर ध्यानाकर्षण भएको छ।

उक्तघटनाका सम्बन्धमा आयोगले अनुगमन गर्नुका साथै सरोकारवाला र पिडितसंग समेत आवश्यक छलफल गरेको छ। आयोगको अनुगमनबाट समेत सुदूरसन्देश दैनिक पत्रिका कार्यालयको ढोका तथा कार्यकक्षमा केहि क्षति पुगेको र उक्त दैनिकका कम्प्युटर अपरेटर प्रयागराज जोशीको टाउको र अनुहारमा चोट लागी घाईते भएको पाइयो। उक्त अपराधिक कार्यमासंलग्न जोसुकै भएपनि दोषीहरुमाथि कानुन बमोजिम कारवाही र घाईतेको उपचारको साथै कार्यालयमा भएको क्षतिको कानुन बमोजिम परिपुरण हुनपर्ने आयोगको ठहर छ।

आफ्ना असहमतिहरु प्रचलित कानुन र विधिसम्मत प्रकृया अनुरुप जाहेरगर्न सक्ने हुदाहुदै सो बिरुद्ध गरिएको यस्ता घटनाले समग्र प्रेस स्वतन्त्रता, नागरिकको सुसूचित हुने हकमा असरपर्ने देखिन्छ। अतः आईन्दा यस प्रकारका घटना घट्न नदिन र दोषीलाई कानुन बमोजिम कारवाही प्रकृयामा सहयोग गर्न राजनैतिक दल, सरोकारवाला सबैमा आयोग हार्दिक आग्रह गर्दछ। साथै उक्त घटनाका दोषीको पहिचान गरि कानुन र विधिसम्मत कारवाही प्रकृया अगाडि थाल्न प्रशासन तथा सुरक्षा निकायलाई आयोग अनुरोध गर्दछ।

(डा.टीकाराम पोखरेल)

नि. निर्देशक

उत्तर वेहेडी, धनगढी, कैलाली फोन नं. ०९१-५२५६२१, ५२५६२२, फ्याक्स - ५२५६२३
इमेल :- nhrcdhn@nhrcnepal.org, वेभ साईट :- www.nhrcnepal.org

तयार पार्नेः

मानवअधिकार प्रलेख तथा प्रसार विभाग

इन्सेक सु.क्षे.कार्यालय, धनगढी